नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

(शासकीय सुधार शाखा)

पत्र संख्याः ०७९/८०/शा.सु.

च.नं. ६२

मितिः २०७९।१०।१६

विषयः आवश्यक कारबाही सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय इकाई,

सबै।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. ०७९/८०, च.नं. ७००, मिति २०७९।१०।१० को पत्रमार्फत प्राप्त "करार, राहत वा स्थानीय स्रोतमा भर्ना हुने गरेका अस्थायी प्रकृतिका पदका शिक्षक, बालविकासहरूको नियुक्तीमा देशभर हुने गरेको व्यापक भ्रष्टाचार" बिषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दर्ता भएको उजुरी तथा प्राप्त कागजात पाना ३(तीन) यसैसाथ संलग्न छ ।

उल्लेखित गुनासोको विषयमा सत्यतथ्य छानविन गरी आवश्यक कारबाही हुन र सो को जानकारी यस केन्द्रमा पठाउनु हुन आदेशानुसार अनुरोध छ।

२०७९।१०।१६

(विजया सत्याल)

शाखा अधिकृत

बोधार्थः

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

श्री स्थानीय तह सबैः उपरोक्त अनुसारको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयनका लागि सहजीकरण गरिदिन हुन।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

पत्र संख्याः-७९/८०
चलानी नं.:-६००

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मिति : २०७९।१०।१०

विषय : आवश्यक कारबाही सम्बन्धमा ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र
दर्ता नं.:- १५८०
मितिः- १०/१३

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र,
सानोठिमी,भक्तपुर ।

अख्तियार दुरुपयोग अनुसंधान आयोग, टंङ्गाल, काठमाडौंको प.सं. ९ (शिक्षा) १ (ख) - ११६/०७९/८० च.नं. शिक्षा - १४१०६ मिति २०७९।०६।०६ को पत्रबाट आयोगमा दर्ता हुन आएको दर्ता नं. C-०१४९८६ मिति २०७९।०५।२९ को उजुरीका सम्बन्धमा सत्यतथ्य छानविन गरी आवश्यक कारबाही गर्नुहुन भनी लेखि आएकोले उक्त सम्बन्धमा आवश्यक कारबाही गरी सोको जानकारी पठाउनुहुन प्राप्त उजुरीको छाँया प्रति पाना (दुई) यसैसाथ संलग्न राखि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ ।

बोधार्थ
श्री प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार ।

गीता शर्मा
शाखा अधिकृत

श्री शैक्षिक योजना तथा
विकास महाशाखा

श्री शास्त्रीय सुधार शाखा,

२०७९/१०/१४

प्र(शिक्षा) १(ख) ११८/०८१/०८०

शिक्षा

## विवरण

दर्ता नं. : 7980C-014986

चलानी नम्बर :

दर्ता मिति : २०७९ भाद्र २९

तह : संघिय

श्री सचिवज्यू,
आवश्यक कारवाही गर्नु

## उजुरीकर्ताको विवरण

पुरा

ठेग

फो

ई

विवरण

दर्ता भएको कार्यालय : अख्तियार दुरूपयोग अनुसन्धान आयोग,टङ्गाल,काठमाडौं

दर्ता मिति : २०७९ भाद्र २९स्थिति: नयाँ उजुरी

आरोपित व्यक्ति/ संस्थाको नाम : "सबै स्थानीय तह"

विषय: करार, राहत वा स्थानीय स्रोतमा भर्ना हुने गरेका अस्थायी प्रकृतीका पदका शिक्षक, बालविकासहरुको नियुक्तीमा देशभर हुने गरेको व्यापक भ्रष्टाचारको सम्बन्धमा।

## उजुरीको विवरण

विद्यालयमा करार, राहत वा स्थानीय स्रोतबाट भर्ना हुने गरेका अस्थायी प्रकृतीका पदका शिक्षक, बालविकासहरुको नियुक्तिको अधिकार स्थानीय तहलाई दिएको छ।यसरी दिइएको अधिकारको स्थानीय तहमा चरम दुरुपयोग हुने गरेको पाइन्छ। शिक्षा शाखा मार्फत संचालन रहने उक्त पदपूर्तीमा हुने सम्पूर्ण खर्च नयाँ नियुक्त हुने शिक्षक वा वालविकास वा कर्मचारीसँग असुल गर्ने प्रचलन बढेको पाइन्छ। र यो कार्यमा सम्बन्धित विद्यालयका वि व्य स अध्यक्ष, प्रधानाध्यापक, शिक्षा शाखा प्रमुख, विषय विज्ञ, जिल्ला शिक्षा समन्वय अधिकारी र कहि कहि प्रमुख प्रशासकीय अधिकृत समेतको मिलेमतो देखिने गरेको छ। यसरी शिक्षक नियुक्ती माथि उल्लीखित पदका कर्मचारीहरु सबैलाई प्रति व्यक्ती २००० देखि ५००० सम्म अनैतिक तवरले सम्बन्धित नयाँ नियुक्त हुने शिक्षक बाट भत्ता स्वरुप असुल उपर गराइन्छ। त्यति मात्र कहा हो कहि कहि त नियुक्ति पश्चात विद्यालयमा हाजिरी हुनका लागि छुट्टै बार्गेनिङ समेत हुने गरेको छ। यसरी गाउँपालिका\नगरपालिकाले दिने गरेका अनुदान कोटा, नेपाल सरकारले दिने गरेका राहत कोटा सम्बन्धित विद्यालय\शिक्षा शाखाको चरम बार्गेनीङ (मागी खाने )को आधार बनेको छ। यसरी विद्यालयको विद्यार्थी चाप, शिक्षक विद्यार्थी अनुपात र शिक्षक सेवा आयोगबाट पदपूर्तिमा ढिला भएको अवस्थामा यसरी राज्यको सेवा सुविधा लिने शिक्षा शाखाले यस्तो किसिमको परिक्षा व्यवस्थापनलाई कसरी मूल्याङ्कन गर्ने।

नयाँ नियुक्त हुने नेपाल सरकारका कर्मचारिहरुबाट लोक सेवा आयोगले परिक्षा खर्च असुल्ने गरेको छ र? शिक्षा शाखाको काम कर्तव्य अधिकार भन्दा बाहिर गएर यसरी बिना कुनै आधार परीक्षामा सफल हुने उम्मेद्वारसँग यसरी हाक्का हाक्की पैसा माग्नु भ्रष्टाचार होइन र? देशभर यस्तो व्याप्त कुरीती कसरी कसले अन्त्य गर्ने खोई? एउटा अस्थायी करार, राहत पदमा भर्ना हुने शिक्षकसँग न्युनतम २५०००-७०००० सम्म पैसा परीक्षा संचालन खर्च, र परिक्षाको भत्तामा खर्च गराइएको पाइयो। के शिक्षक नियुक्तीको जिम्मेवारी शिक्षा शाखालाई भ्रष्टाचार गर्नको लागि दिइएको अधिकार हो र? जागिर नखादै २-३ महिनाको तलब खाइदिने यो प्रवृतीलाई कसरी अंकुस लगाउन सकीन्छ।

### उजुरी सँग सम्बन्धित कार्यालय